जिरी नगरपालिका

# स्थानीय राजपत्र

**जिरी नगर कार्यपालिकाबाट प्रकाशित**

खण्डः २ संख्या १२  २०७५ साल चैत्र ५ गते

## भाग -१

## जिरी नगरपालिका

सूचना १७

### व्यवसायिक कृषि/पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७५

पृष्ठभूमीः

व्यवसायिक कृषि/पशु विकास कार्यक्रम (Commercial Agriculture/Livestock Development Program) कार्यान्वयन गर्न जिरी नगरपालिकाले सफा जिरी, हरियो जिरी र प्रांगारिक जिरी (Clean Jiri, Green Jiri and Organic Jiri) भन्ने मूल नारालाई अङ्गीकार गर्दै जिरी नगरपालिकाले प्रस्तावमा आधारित ब्यबसायिक कृषि/पशु बिकास कार्यक्रम संचालन गर्न प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि जिरी नगरपालिका नगर कार्यपालिकाले "**व्यवसायिक कृषि/पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५**" तर्जुमा गरेको छ ।

**नगर कार्यपालिकाबाट स्विकृत मिति २०७५।१२।०५**

## परिच्छेद -१

## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ**

क. कार्यविधीको नामः "व्यवसायिक कृषि/पशु बिकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७५" रहेको छ ।

ख. कार्यविधी जिरी नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

ग. यो कार्यविधि जिरी नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

घ. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा**

क. व्यवसायिक कृषि/पशु विकास कार्यक्रम भन्नाले यस नगरपालिका क्षेत्र भित्र संचालन हुने प्रस्तावमा आधारित व्यवसायिक कृषि/पशु बिकास कार्यक्रमलाई बुझ्नु पर्दछ ।

ख. कार्यक्रम भन्नाले प्रस्तावमा आधारित कृषि वाली वस्तु, उत्पादन, प्रशोधन, बजार व्यवस्थापन, बजार प्रवर्द्धन, साना बजार पूर्वाधार, साना सिचाई, थोपा सिंचाई, फर्टिगेसन, यन्त्रीकरण, पशुपन्छी पालन, पशुपन्छी जन्य उत्पादन,प्रशोधन,बजारिकरण आदि संग सम्बन्धित क्रियाकलाप बुझ्नु पर्दछ ।

ग. व्यवसायिक प्रस्ताव भन्नाले कार्यक्रम संचालन गर्न पेश गर्ने व्यवसायिक योजना बुझाउँदछ ।

३ उद्देश्यः यस कार्यविधीको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क. उच्च मूल्यका प्रांगारिक स्वस्थ वाली बस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग गर्ने ।

ख. व्यवसायिक पशुपन्छी पालन गरि आर्थिक वृद्धिमा टेवा पुर्याउने ।

ग. व्यवसायिक स्थानीय जातका कुखुरापालनलाई बिशेष प्राथामिकता दिई कार्यक्रम अगाडी बढाई रोजगारी तथा आर्थिक वृद्धिमा टेवा पुर्याउने ।

घ. व्यवसायिक चौरी पालन कार्यक्रमलाई संरक्षण तथा प्रवर्द्धन उत्पादनलाई प्रशोधन गरि कृषकहरुको आयस्तर बढाउनमा टेवा पुर्याउने ।

ङ. बजार पूर्वाधार बिकास तथा उत्पादनोपरान्तका कृयाकलापहरुमा सहयोग उपलब्ध गराई वाली बस्तुहरु बजारमा पहुच बढाउने ।

च. व्यवसायिक उत्पादन प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग गर्ने ।

छ. जिरी आउने पर्यटकलाई स्थानिय उत्पादनबाट तयार गरिएका परिकार पस्किएर पर्यटन प्रवर्द्धन गर्न सहयोग पुर्याउने ।

## परिच्छेद - २

## कार्यक्रम संञ्चालन प्रकृया

**४ यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रम संचालन गरिने छ ।**

क. आलु , तरकारी , फलफुल , मसला बाली , चिया , रेन्बो ट्राउट आदिका उत्पादन प्रवर्द्धन कार्यक्रम, बजार प्रवर्द्धन , प्रशोधन तथा उत्पादन उपरान्त बजारीकरण सम्बन्धी कार्यक्रम ।

ख. पशुपन्छी पालन, पशुपन्छी जन्य उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यक्रम ।

ग. साना बजार पूर्वाधार जस्तैः संकलन केन्द्र ,बजार स्टल , बजार सेड निर्माण,प्याकेजिङ तथा मर्मत सम्भारका कार्यक्रम ।

घ. साना सिचाई कार्यक्रम (सतह सिचाई, भूमिगत सिचाई, नवीनतम प्रविधिमा आधारित सिंचाई, प्लास्टिक पोखरी निर्माण, बर्षातको पानी संकलन, फर्टिगेसन) निर्माण तथा मर्मत सम्भारका कार्यक्रम ।

ङ. साना कृषि यन्त्र मिनि टिलर ,पावर टिलर ,थ्रेसर ,हार्वेष्टर ,रिपर , प्लान्टर खरीद आदि ।

च. माटो, कृषि चुन तथा प्राङ्गारिक मल व्यवस्थापन ।

छ. खाद्यान्न बाली तथा तरकारी बालीको बीउ उत्पादन तथा बजारीकरण ।

### ५ कार्यक्रम संचालन विधि

### ५.१ कार्यक्रम छनौटका आधार

क. कार्यक्रममा सहभागी हुन जिरी नगरपालिकामा व्यवसाय दर्ता गरेको हुनु पर्ने छ साथै पुराना व्यवसायहरु नविकरण भएको हुनु पर्ने छ । यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रम जिरी नगरपालिका क्षेत्र भित्र संचालन हुनेछ ।

ख. सहकारी र प्रशोधन कर्ताहरुको हकमा नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ ।

ग. प्रस्तावित कार्यक्रम प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्दछ ।

घ. महिला, जनजाति, दलित, विपन्न, पिछडिएका समुदाय र क्षेत्रलाई प्राथमिकता दिईने छ ।

ङ. कार्यक्रम संचालनका लागि उपलब्ध गराईने अनुदानको अधिकतम सिमा रु १५ लाख सम्म हुनेछ । अनुदान प्राप्त गर्न कृषक समुह, सहकारी, फर्म, कम्पनि तथा प्रशोधनकर्ताहरु ग्राह्य हुनेछन । कार्यक्रम संचालनका लागि आवेदक/संस्थाले कम्तीमा संरचना निर्माणमा २५ प्रतिशत र अन्यको हकमा ५० प्रतिशत हिस्सा नगद वा जिन्सि को रुपमा अनिवार्य व्यहोर्नु पर्ने छ ।

च. आवेदन साथ सम्वन्धीत वडा कार्यालयको सिफारिस समावेश गर्नु पर्ने छ ।

छ. स्थानियस्तरमा रोजगारी सिर्जना गर्न सहयोग पुर्याउने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

ज. निवेदकले प्रस्ताव गरेका क्रियाकलाप संचालन गर्न अन्य निकायबाट रकम सहयोग /अनुदानको रुपमा लिएको पाइएमा छनोट प्रक्रियामा समावेशका लागि अयोग्य मानिने छ तर त्यस्ता व्यवसायीले व्यवसायको क्षेत्र बढाई प्रस्ताब पेश गरेको हकमा भने अनुदान उपलब्ध गराउने बाधा पर्ने छैन । निवेदन पेश गर्दा अन्य निकायबाट रकम सहयोग /अनुदानको रुपमा नलिएको स्व घोषणा गर्नु पर्ने छ । अनुदान लिई सकेको व्यवसायीले क्षेत्र बढाई प्रस्ताब पेश गरेको अवस्थामा नगरपालिकाले थप अनुगमन गरि उपयुक्त निर्णय गर्ने छ ।

झ. गत आ.व.मा सहयोग प्राप्त गर्ने निवेदकहरुले उदेश्य बमोजिम काम सम्पन्न नगरेको पाईएमा चालु आ.व.मा निवेदन पेश गर्न अयोग्य मानिने छ । अनुदान प्राप्त गर्दा गरेको सम्झौता बमोजिम काम नगरेको पाईएमा अनुदान रकम फिर्ता गराउनु सकिने छ ।

ञ. नेपाल सरकारमा कार्यरत कुनै पनि कर्मचारी वा निजको एकाघरका परिवारलाई अनुदान रकम दिईने छैन ।

ट. नगरपालिका वा अन्य कुनै निकायबाट एक खालको व्यवसायको लागि अनुदान लिई सकेको कृषक पुनः अर्को अनुदानको लागि योग्य हुने छैन ।

## ५.२ कार्यक्रम सम्बन्धी जिम्मेवारी तथा दायित्व

क. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्पुर्ण जिम्मेवारी जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जिरी दोलखा तथा सम्बन्धित अनुदान प्राप्त गर्ने कृषक/सहकारी/फर्म/कम्पनी,संघ,संस्थाहरु समेत हुने छ ।

ख. जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जिरी, दोलखाले कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने विशेषज्ञ सेवा कृषि ज्ञान केन्द्र/भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र तथा अन्य सम्बन्धित निकायहरुबाट समेत लिन सक्ने छ ।

## ५.३ कार्यक्रम संचालन प्रकृया

क. सुचना प्रवाह- जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जिरी, दोलखाले कार्यक्रम संचालनका लागि स्थानिय एफ.एम. रेडियो तथा सम्बन्धित वडा/टोल बिकास समिती मार्फत अनुसुचि-१ मा उल्लेखित ढाँचा अनुसार सुचना प्रवाह गर्ने छ ।

ख. स्कीम/व्यवसायिक योजना- कार्यक्रममा सहभागी हुन चाहने (कृषक समुह, सहकारी, कृषि/पशु फर्म तथा प्रशोधनकर्ता, कम्पनीहरु) ले अनुसूची-२ बमोजिमको ढाचाको निवेदन सहित अनुसुचि-३ बमोजिमको ढाँचाको स्कीम/व्यवसायिक योजनाहरु जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जिरी, दोलखामा दर्ता गराउनु पर्ने छ ।

## ५.४ स्कीम/व्यवसायिक योजना छनौट

क. व्यवसायिक योजना छनौट प्रयोजनको लागि तपसिल बमोजिमको मुल्यांकन तथा सिफारिस समिति रहने छ ।

- आर्थिक बिकास समिति/नगर कृषि बिकास समितिको संयोजक-अध्यक्ष
- आर्थिक बिकास समितिका सदस्य- सदस्य
- सम्बन्धित वडा कृषि बिकास समितिका संयोजक - सदस्य
- जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय आर्थिक बिकास शाखा कृषि/पशु सदस्य सचिव —सदस्य सचिव
- समितिमा आवश्यकता अनुसार बिषय बिशेसज्ञहरु आमन्त्रितको रुपमा वोलाउन सकिने छ ।

ख. उपरोक्त मुल्याङ्कन तथा सिफारिस समितिले अनुसुचि-४ बमोजिमको ढाँचामा सम्बन्धित शाखाबाट मुल्यांकन भई पेश गरेको विवरण बिश्लेसण गरि प्राप्त प्रस्तावबहरु मध्ये उपयुक्त प्रस्ताब स्वीकृतिका लागि सिफारिस साथ नगरपालिकामा पठाउनु पर्ने छ । उक्त सिफारिस र उपलब्ध बजेटको आधारमा नगर कार्यपालिकाको बैठकबाट प्रस्ताब कार्यन्वयनको लागि स्वीकृत गर्ने तथा अनुदान रकम एकिन गरिने छ ।

ग. अनुसुची-३ बमोजिम स्कीम/व्यवसायिक योजना छनोट प्रक्रियामा समाबेश हुनको लागि न्यूनतम ४० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्ने छ । ४० प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने स्कीम/व्यवसायिक योजनालाई प्रतिष्पर्धामा सामेल गराईने छैन ।

घ. कार्यक्रम संचालन सम्बन्धमा अनुगमन तथा मुल्याङ्कनको लागि तपशिल अनुसारको समिति रहने छ ।

- ❖ आर्थिक बिकास समिति/नगर कृषि बिकास समिति संयोजक-अध्यक्ष
- ❖ सम्बन्धित वडाको वडा अध्यक्ष/सदस्य - सदस्य
- ❖ योजना शाखाको प्रमुख - सदस्य
- ❖ जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय आर्थिक बिकास शाखा कृषि/पशुको प्रमुख -सदस्य सचिब

ङ. संझौता गर्नु अघि अनुगमन तथा मूल्यांकन समितिले आवश्यक ठानेमा छनौट भएका आयोजनाको स्थलगत अनुगमन समेत गर्न सक्ने छ ।

५.५ लागत इस्टिमेट तथा सम्झौता

- ❖ प्रस्ताब छनौट पश्चात अनुदान ग्राहिले प्रस्ताब बमोजिम नमुना कृषि/पशु फर्म स्थापनाको लागि सम्बन्धित बिषयको प्राविधिक मार्फत स्थलगत सर्भेक्षण गराएर लागत इस्टिमेट तयार गरि स्वीकृतिको लागि जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जिरी,दोलखामा पेश गर्नु पर्ने छ ।
- ❖ स्वीकृत इस्टिमेटको आधारमा जिरी नगरपालिका र अनुदान ग्राही बीच अनुसूची -५ बमोजिम सम्झौता गरिने छ । (एक बर्षमा सम्पन्न नहुने प्रकृतिका नमुना फर्महरुको हकमा सम्झौतामा अनिबार्य रुपमा प्रथम बर्ष र आगामी बर्षहरुमा उपलब्ध गराईने अनुदान रकम उल्लेख गर्नु पर्ने छ ।
- ❖ अनुदान ग्राहिले नमुना कृषि/पशु फर्म स्थापना तथा संचालनको कार्य प्रारम्भ र सम्पन्न गर्दा एक-एक पटक स्थानीय जनप्रतिनिधिको सहभागितामा सार्वजानिक सुनुवाई गर्नु पर्छ । साथै लागत सहभागिता रकम खुलेको होर्डिङ बोर्ड फर्म संचालन अवधि भर तथा सम्पन्न भएपछी पनि निरन्तर सर्बसाधारणले देख्ने गरि कार्यक्रम स्थलमा राख्नु पर्ने छ ।

❖ लागत इस्टिमेट तयार गर्दा कुल अनुदान रकमको ५% रकम कन्टेनजेन्सी स्वरुप राखिने छ । उक्त रकम प्राविधिकको दैनिक भ्रमण भत्ता र समितिको बैठक भत्ता र अन्य व्यवस्थापकीय कार्यमा प्रयोग गर्न सकिने छ ।

## परिच्छेद — ३
## अनुदान रकम भुक्तानी प्रकृया

६ भुक्तानी प्रकृया — कार्य सम्पन्न भएको आधारमा बढीमा तिन किस्तामा भुक्तानी दिईने छ । प्रथम किस्तामा कार्य प्रगतिको आधारमा अधिकतम २५ प्रतिशत रकम, दोश्रो किस्तामा ४० र कार्य सम्पन्न प्रतिवेदनको आधारमा बाँकि रकम तेश्रो किस्तामा भुक्तानी गरीने छ ।

प्रथम र दोश्रो किस्ताको हकमा कार्य सम्पन्न भएको आधारमा स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुको लागत/मापन अनुसारको भुक्तानीको लागि माग भए अनुसार संयुक्त अनुगमन टोलीबाट भएको सिफारिस तथा प्राविधिक प्रतिवेदनको आधारमा र तेश्रो किस्ता स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरु सम्पन्न भएको भनि संयुक्त अनुगमन टोलीबाट भएको सिफारिस तथा प्राविधिकको कार्यसम्पन्न प्रतिबेदन साथ मापनको आधारमा भुक्तानी हुनेछ ।

क.प्रतिवेदन — कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले किस्ता भुक्तानी माग गर्दा स्कीम / व्यवसायिक योजना बमोजिमका कृयाकलापहरु उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्दछ । अन्तिम किस्ता भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ । यस कार्यविधिको अनुसूची-६ अनुसार कार्यक्रम संचालनको नियमित प्रगति प्रतिवेदन आर्थिक बिकास शाखा कृषि/पशुले तयार गरि जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जिरी,दोलखामा पेश गर्नु पर्दछ ।

## परिच्छेद — ४
## विविध

७.कार्यक्रममा समाबेश हुन नपाउनेःदेहायको व्यक्ति/संघ/संस्था/कम्पनिले यस कार्यविधि बमोजिमको कार्यक्रममा समाबेश हुन पाउने छैनन्

क. फलफुल खेतीको हकमा कम्तिमा १५ रोपनी,तरकारी खेतीको हकमा कम्तिमा ५ रोपनी जग्गा आफ्नै नाममा वा लिज/भाडामा भएको प्रमाण पेश नभएको, लोकल कुखुराको हकमा कम्तिमा २०० वटा बयस्क कुखुरा अट्ने खोर तथा चरण क्षेत्र सहितको आवश्यक जग्गा एवं खोरको प्रस्ताब नगरेको र बाख्रापालनको हकमा कम्तिमा ५० वटा बाख्रा पाल्न आवश्यक  खोर सहितको प्रस्ताब समाबेश नभएको ।

ख. नेपाल सरकारको जुनसुकै सेवामा कार्यरत व्यक्ति ।

८.कार्यवाहीको व्यवस्थाः प्रस्ताव स्वीकृत स्कीम/व्यवसायिक योजना अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरिएको पाइएमा प्रचलित ऐन नियम तथा कानुन बमोजिम कार्यवाही गरि निजले प्राप्त गरेको अनुदान रकम तथा सो रकमको बार्षिक १० प्रतिशतका दरले ब्याज समेत असुल उपर गरिने छ ।

९.प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामाः कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा कार्यपालिकाले निर्णय गरि उपयुक्त निकास निकाल्ने छ ।

१०.बिमाः स्कीम/व्यवसायिक योजनाको सम्भाव्यताको आधारमा अनिबार्य रुपमा बिमा गराउनु पर्ने छ ।

११.बाधा अड्काउ निरुपण खारेजी एबं संशोधन :

क) यस कार्यबिधी कार्यान्वयनमा केहि बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण जिरी नगरपालिका नगर कार्यपालिकाले गर्ने छ ।

ख) यस कार्यबिधीलाई आबश्यकतानुसार जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जिरी, दोलखाले संशोधन वा खारेजी गर्न सक्नेछ ।

**प्रमाणिकरण मितिः२०७५।१२।२६ गते**

आज्ञाले

शिव प्रसाद रिजाल

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचिहरु

अनुसूचि – १

(दफा ५.३ (क) बमोजिम)

व्यवसायिक कृषि/पशु विकास कार्यक्रम संचालनको लागि स्किम / व्यवसायिक योजनाको प्रस्ताब आव्हान सम्बन्धी सुचना ।

सुचना । सुचना ।। सुचना ।।।

जिरी नगरपालीका नगर कार्यपालिकाको कार्यालय जिरी, दोलखाको आर्थिक वर्ष ............... को वार्षिक स्विकृत कार्यक्रम अनुसार प्रस्तावमा आधारित कृषि/पशु व्यवसायिक कृषि कार्यक्रम संचालन गर्न यस नगर भित्रका कृषकहरुलाई लक्षित गरी ....................................................... कार्यक्रमका लागि दरखास्त आव्हान गरिएको छ । यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यक्रम संचालनको लागि तोकिएको ढाँचा अनुसार दरखास्त दिनु हुन अनुरोध गरिन्छ । पुनश्च आवेदनका साथ तपसिल अनुसारका कागजातहरु पेश गर्न समेत यसै सुचनाबाट सुचित गरिन्छ ।

तपसिलः

नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

वडा कार्यालयको सिफारिस पत्र

अनुसूची-२ अनुसारको आवेदन फाराम

अनुसुचि – ३ अनुसारको स्किम योजना

प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (तालिम, संस्था दर्ता, नविकरण, कर चुक्ता)

जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको हकमा कम्तिमा १५ वर्ष सम्मका लागि भाडा/लिजमा लिएको सम्झौता पत्र र सो जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि

नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि

# अनुसूचि – २

(दफा ५.३ (ख) बमोजिम)

## व्यवसायिक कृषि/पशु कार्यक्रम संचालन गर्नका लागि दिईने आवेदन – पत्र

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू                मितिः............
जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा

विषयः व्यवसायिक कार्यक्रम संचालनको लागि प्रस्ताब पेश गरिएको बारे ।

महोदय ,

मिति ........... साल............. महिना........गते एफ.एम. रेडियोमा प्रकाशित/ प्रसारित सुचना बमोजिम प्रस्तावनामा आधारित व्यवसायिक कृषि/पशु ...........................................कार्यक्रम संचालन गर्न ईच्छा भएकाले आवश्यक कागजात राखि निवेदन गर्दछु । नियमानुसार कार्यक्रम उपलब्ध गराई दिनु हुन अनुरोध छ । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ राखेको व्यहोरा समेत अनुरोध छ ।

तपशिल :

१. अनुसुचि – ३ अनुसारको कार्ययोजना
२. सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
३. प्रमाणित प्रमाण पत्र( तालिम, संस्था नविकरण, कर फर्छ्यौट आदि)
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
५. जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि/भाडामा लिएको भए सम्झौता गरेको पत्र
६. आवेदकले प्रस्ताव गरेको कामका लागि अन्य कुनै निकायवाट सहयोग प्राप्त नगरेको स्वघोषणा पत्र वा सहयोग लिएको भए प्राविधिक प्रतिबेदन

निवेदकको नाम :

दस्तखतः

ठेगानाः

फोन नः

## अनुसूचि — ३

(दफा ५.३ (ख) बमोजिम)

व्यवसायिक योजना ढाँचा

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

१) आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| आवेदक संस्थाको नामः | |
|---|---|
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था स्थापना भएको मिति | |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्र चिन्ह लगाउने ) | ❖ कृषक समूह<br>❖ सहकारी<br>❖ कृषि/पशु फर्म<br>❖ कम्पनि<br>❖ प्रशोधन कर्ता<br>❖ अन्य : |
| सम्बन्धित निकायमा संस्था दर्ता भएको मिति | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको टेलिफोनः | |
| इमेलः | |

| | |
|---|---|
| प्रस्तावित आयोजना स्थल (कार्य क्षेत्र) | वडा नं.<br>टोलः<br>बस्तिः |
| प्रस्तावित आयोजनाको अनुमानित कूल लागत | |
| माग गरेको कूल अनुदान रकम रु | |
| निवेदक /संस्थाको तर्फबाट बेहोर्ने रकम रु | |
| निवेकक/संस्थाले बिगतमा कृषि/पशु वा अन्य कार्यक्रमवाट सहयोग प्राप्त गरेको भए सो को विवरण र सहयोग रकम | |
| मूल्य शृंखलामा प्रमुख काम (उत्पादक,प्रशोधन,संकलन,आयात,निर्यात आदि) | |

२) निवेदक/संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण उल्लेख गर्नुहोस् : | |
| वित्तीय श्रोत | ❖ आफ्नै बचत रकम रु.:<br>❖ ऋण :<br>❖ अपेक्षित अनुदान रकम रु.:<br>❖ अन्य : |

| | |
|---|---|
| उपलब्ध जनशक्ति (१८-६० वर्ष भित्रका ) | ❖ यस कार्यक्रममा समाबेश हुन सक्ने प्रत्यक्ष कामदार संख्या :<br>❖ ब्यक्तिगत प्रस्ताबको हकमा परिवार संख्या :<br>❖ अन्य : |
| भौतिक श्रोतको उपलब्धता | १.फलफुल र तरकारीको हकमा<br>❖ आफ्नै स्वामित्वमा कति रोपनी जग्गा :<br>❖ भाडा/लिजमा भए कति रोपनी लिनु भएको छ :<br>❖ स्टोर छ/छैन यदि छ भने कति क्षमता/प्रयोग :<br>❖ नर्सरी घर छ/छैन :<br>❖ सिंचाईको श्रोत/मुहान दर्ता छ/छैन :<br>❖ प्रशोधन मेसिन छ/छैन :<br>❖ अन्य :<br>२.पशुपन्छी पालनको हकमा<br>❖ खोर/गोठ/ छ वा छैन यदि छ भने क्षमता/प्रयोग :<br>❖ दाना पिस्ने मेसिन छ/छैन :<br>❖ आफ्नै स्वामित्वमा कति रोपनी जग्गा :<br>❖ चरण तथा घासको उपलब्धता :<br>❖ अन्य : |

३) समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परिवार संख्या

| | |
|---|---|
| निवेदक/संस्थाले व्यवसाय संचालन सम्बन्धमा भोग्दै आएको मुख्य समस्याहरु कमी/चुनौती केहि भए उल्लेख गर्ने | १.फलफुल तथा तरकारीको हकमा<br>❖ आर्थिक तथा प्राविधिक ज्ञान :<br>❖ बजार मूल्यः<br>❖ प्रशोधन :<br>❖ प्रांगारिक मल व्यवस्थापन :<br>❖ बिउ व्यवस्थापन<br>❖ अन्य<br>२.पशुपन्छी पालनको हकमा<br>❖ आर्थिक तथा प्राविधिक ज्ञान :<br>❖ बजार मूल्यः<br>❖ प्रशोधन :<br>❖ नश्ल सुधार :<br>❖ झन्जटिलो बाली/पशु विमा :<br>❖ अन्य : |
| लाभान्वित घर परिवार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | ❖ प्रत्यक्ष :<br>❖ अप्रत्यक्ष : |

४. अनुदानबाट के उपलब्धि हासिल हुने छ

| | |
|---|---|
| उत्पादन बृद्धि (परिमाण, मे.ट./के.जी.) | |
| रोजगारीमा बृद्धि (श्रम दिन) | |
| थप आम्दानी | मासिक रुः |
| क्षेत्रफल बिस्तार(हेक्टर/रोपनी)(फलफुल तथा तरकारीको हकमा) | |
| अन्य | |

६. आम्दानी र खर्च विश्लेषण : आगामी ५ वर्ष अवधिको आय तथा व्यय विवरण तयार गरि यसको विश्लेषण गर्नु होस् र प्रमाणित गर्नु होस् कि तपाईको प्रस्ताब कार्यान्वयन गर्दा लगानी भन्दा आय बढी हुने छ ।

| आम्दानी विश्लेषण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बिवरण | ईकाई | परिमाण | दर | जम्मा | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा आम्दानी | | | | | | | | |
| खर्च विश्लेषण | | | | | | | | |
| बिवरण | ईकाई | परिमाण | दर | जम्मा | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | | | | | |
| जम्मा खर्च | | | | | | | | |
| सालाखाला मुनाफा (Gross Margin) | | | | | | | | |
| लाभ लागत अनुपात (B:C Ratio) | | | | | | | | |

७. मुख्य प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरण पेश गर्नुहोस् ।

| क्र.सं. | मुख्य कृयाकलापहरु | कार्यान्वयन गर्ने समयवधि | माग गरेको अनुदान | आवेदकको योगदान | कूल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कूल | | | | | |

# अनुसूची — ४

## स्कीम / व्यवसायिक योजना मुल्याङ्कन आधार

| | मूल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| **१** | **आवेदकको प्राविधिक ज्ञान/शिप/अनुभब** | **१४** | |
| १.१ | सम्बन्धित बिषयमा तालिम प्राप्त गरेको | ७ | |
| १.२ | तालिम तथा प्रस्ताब संग सम्बन्धित बिषयमा न्युनतम २ बर्षको अनुभब | ११ | |
| १.३ | तालिम तथा प्रस्ताब संग सम्बन्धित बिषयमा ५ बर्ष भन्दा बढी अनुभब | १४ | |
| **२** | **लागत सहभागिताको लागि प्रतावकको आर्थिक क्षमता** | **१४** | |
| २.१ | प्रस्तावकको न्युनतम साझेदारी रकम जुटाउने श्रोत नखुलेमा | ० | |
| २.२ | प्रस्तावकको न्युनतम साझेदारी रकम जुटाउने ऋण पाउने क्षमता विस्वोसनिय भएमा | १२ | |
| | प्रस्तावकको न्युनतम साझेदारी रकम जुटाउने आवश्यक बैंक मौज्दात भएमा | १४ | |
| **३** | **प्रस्ताब गरेको कृषि व्यवसायको भविष्यमा निरन्तरता सम्बन्धि योजना तथा दिगोपना** | **७** | |
| ३.१ | भविष्यमा निरन्तरता सम्बन्धि योजना तथा दिगोपना पेश गरेको मध्यम स्तरको भए | ५ | |
| ३.३ | भविष्यमा निरन्तरता सम्बन्धि योजना तथा दिगोपना पेश गरेको उच्च स्तरको भए | ७ | |
| **४** | **उत्पादक र बजारीकरण योजना लाभ लागत बाडफाड योजना** | **७** | |
| ४.१ | सन्तोषजनक | ३ | |
| ४.२ | मध्यम | ५ | |
| ४.३ | उत्तम | ७ | |
| **५** | **प्रस्तावित नमुना कृषि /पशु फर्मले समुदायका अन्य कृषकहरुमा पार्न सक्ने प्रदर्शन प्रभाव र अनुभव आदान प्रदान योजना** | **४** | |
| ५.१ | आधुनिक प्रविधिको प्रयोग समेत गरि अनुभब आदान प्रदान गर्ने | ४ | |

| | मूल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| | योजना भएको | | |
| ५.२ | सामान्य तरिकाले अनुभब आदान प्रदान गर्ने योजना भएको | २ | |
| ५.३ | अनुभब आदान प्रदान गर्ने कुनै योजना नभएको | ० | |
| **६** | **प्रस्तावकको कृषि /पशु बिषयमा औपचारिक अध्ययन** | **९** | |
| ६.१ | प्रस्ताब गरेको बिषयमा छोटो तालिम लिएको | ५ | |
| ६.२ | कृषि बिषयमा जेटि/जेटिए तथा प्रविणता प्रमाण पत्र तह अध्ययन | ७ | |
| ६.३ | कृषि बिषयमा उच्च शिक्षा अध्ययन | ९ | |
| **७** | **रोजगारी सिर्जना** | **९** | |
| ७.१ | ५ जना भन्दा बढी प्रत्यक्ष रोजगारी | ९ | |
| ७.२ | ३-५ जना सम्म प्रत्यक्ष रोजगारी | ८ | |
| ७.३ | १-३ जना सम्म प्रत्यक्ष रोजगारी | ६ | |
| ९ | **क्षेत्रफल (आयाजनाले प्रयोग गर्ने क्षेत्रफल रोपनी)** | **७** | |
| ९.१ | आवश्यक जग्गा आफ्नै स्वामित्वमा भएको | ७ | |
| ९.२ | लिज/भाडामा लिएको | ६ | |
| ९.३ | आवश्यक जग्गा व्यवस्था गर्ने भरपर्दो आधार पेश नभएको | ० | |
| १० | **सालाखाला मुनाफा(Gross margin)** | **६** | |
| १०.१ | कुल लगानीको बार्षिक २० % भन्दा बढी मुनाफा | ६ | |
| १०.२ | कुल लगानीको बार्षिक १५-२० % सम्म मुनाफा | ४ | |
| १०.३ | कुल लगानीको बार्षिक १०-१५ % सम्म मुनाफा | २ | |
| ११ | **प्रस्तावित कृयाकलाप र उद्देश्यमा तालमेल** | **७** | |
| ११.१ | सबै क्रियाल्कल्भारू उदेश्य संग तालमेल भएको | ७ | |
| ११.२ | आंशिक तालमेल भएको | ५ | |

| | मूल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| ११.३ | तालमेल नभएको | ० | |
| १२ | **आवेदकको लागत सहभागिता** | **१०** | |
| १२.१ | ५० प्रतिशत भन्दा कम सहभागिता | ५ | |
| १२.२ | ५० प्रतिशत देखि ८० प्रतिशत सम्म सहभागिता | ७ | |
| १२.३ | आवेदकको ८० प्रतिशत भन्दा बढि सहभागिता | १० | |
| १३ | **प्रस्तावित कृयाकलापको खर्च प्रक्षेपण** | **६** | |
| १३.१ | बजार मुल्यभन्दा २० प्रतिशत भन्दा बृद्धि गरी प्रस्ताव गरेको | २ | |
| १३.२ | बजार मुल्यभन्दा २० प्रतिशत सम्म बृद्धि गरी प्रस्ताव गरेको | ४ | |
| १३.३ | बजार मुल्य अनुसार प्रस्ताव गरेको | ६ | |
| | जम्मा | **१००** | |

## अनुसूची- ५

## व्यवसायिक कृषि/पशु विकास कार्यक्रम कार्यान्वयन सम्झौता पत्र

जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जिरी, दोलखा मार्फत संचालन गरिने आ .व................ को व्यवसायिक कृषि/पशु विकास कार्यक्रम अनुसार .........................................कार्यक्रम संचालन गर्न श्री ...........................(यस भन्दा पछी पहिलो पक्ष भनिने ) र जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय (यस भन्दा पछि दोश्रो पक्ष भनिने) विच तपशिल शर्तनामाहरु बमोजिम कार्यक्रम सम्पन्न गर्न सम्झौता भएको छ ।

१.पहिलो पक्षले व्यवसायिक कृषि/पशु विकास कार्यक्रम संचालन गर्नका लागि जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरी छनौट भएको आयोजना प्रस्तावनामा उल्लेख भए बमोजिमका क्रियाकलापहरु तोकिएको समयमा सम्पन्न गर्नु पर्नेछ ।

२.आयोजनाको कुल लागत रु.................................................मध्ये जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालयवाट रु..................................................कार्यसम्पन्न अवस्था अनुसार बढीमा तीन किस्तामा बैक खाता मार्फत भुक्तानी गराईने छ । पहिलो पक्षवाट रु.............................................रकम वेहोरिने छ । यो आयोजनाको सम्पूर्ण काम मिति.......................................... सम्ममा सम्पन्न गर्नुपर्नेछ ।

३. दोश्रो पक्षले छनौट भएको आयोजना कार्यान्वयनका लागि पहिलो पक्षलाई कामको प्रकृति र कार्यसम्पन्न अवस्था अनुगमन गरी पेश भएका वीलहरुका आधारमा समावेश तपशिल अनुसार बढीमा ३ किस्तामा रकम बैक मार्फत चेकवाट भूक्तानी गर्ने छ ।

प्रथम किस्ता वापत रकम रु ..........................................

दोश्रो किस्ता वापत रकम रु............................................

अन्तिम किस्ता वापत रकम रु............................................

४.दोश्रो पक्षबात पहिलो पक्षलाई आवश्यक प्राविधिक सल्लाह प्रदान गरिने छ ।

५.पहिलो पक्षले नियमित रुपमा कार्यक्रम संचालन गरे नगरेको दोश्रो पक्षले अनुगमन गर्ने छ ।

६.  पहिलो पक्षले यस सम्झौतामा उल्लेख भए अनुसारको काम तोकेको समय सिमाभित्र सम्पन्न गर्न नसकेमा दोश्रो पक्ष संझौता अनुसारको रकम भुक्तानी गर्न वाध्य हुने छैन ।

७. प्रस्ताव स्वीकृत स्कीम/व्यवसायिक योजना अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरिएको पाइएमा प्रचलित ऐन नियम तथा कानुन बमोजिम कार्यवाही गरि निजले प्राप्त गरेको अनुदान रकम १० प्रतिशतका दरले असुल उपर गरिने छ ।

८. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| कृषि लाभग्राहीको तर्फवाट | जिरी नगरपालिकाको तर्फवाट |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| संस्थाको छापः | कार्यालयको छापः |

जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय आर्थिक बिकास शाखा कृषि/पशुको तर्फवाट

नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको छापः

**अनुसूची- ६**

**व्यवसायिक कृषि/पशु विकास कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा**

१.उद्यमीको नामः ठेगानाः

२.संचालित व्यवसायको नामः ठेगानाः

३. आ.ब.

४. प्रगति प्रतिवेदन अवधिःमासिक/चौमासिक/वार्षिक

| क्र.स. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आईपरेका बाधा अड्चनहरु | समाधानका लागि सुझाबहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानीय बजारको बिक्री मूल्य:

१..........................................२..........................................३...................................
...............

उद्यमीको नाम :

दस्तखत :

मिति :

ठेगाना :